आज मिति २०७६।१०।२१ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको नियमित बैठक तपसिलको उपस्थितिमा बसियो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप प्रमुख
३. श्री रोहितमान तामाङ्ग - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री पशुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देवनारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कुमारी कार्की - नगरकार्यपालिका सदस्य
१४. श्री ज्ञानुका कमर - ,,
१५. श्री मदन कुमारी कार्की - ,,
१६. श्री विमला राई - ,,
१७. श्री डोमा शेर्पा - ,,
१८. श्री आस्मिता नेपाली - ,,
१९. श्री प्रमिला दनुवार - ,,
२०. श्री सुन्दर प्रकाश साह - ,,
२१. श्री शिव प्रसाद दुमेगाई - प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. स्वास्थ्य उपचार आर्थिक सहयोग सम्बन्धमा।
२. शिक्षा शाखाको माग सम्बन्धमा ।(एस.ई.ई. परिक्षा)
३. रोजगार केन्द्रको माग सम्बन्धमा ।
४. कृषि अधिकृत (प्राविधिक) को नियुक्ति सम्बन्धमा ।
५. नगर प्रहरी छनौट समिति गठन सम्बन्धमा ।(क्याम्पमेन समेत)

Scanned by CamScanner

६. डस्बीन खरिद सम्बन्धमा ।

७. प्रजातन्त्र दिवस सम्बन्धमा ।

~~८~~ नगर गान र खेलकुद गान सम्बन्धमा ।

~~८~~. गर्भवतीको भिडियो एक्स रे तथा प्रयोगशाला परिक्षण बजेट सम्बन्धमा

९. सफ्टवेयर अडान गर्ने सम्बन्धमा ।

१०. त्रिमारखोलामा होमपाइप अडान खर्च सम्बन्धमा ।

११. सुरक्षा व्यवस्थापन सम्बन्धमा ।

१२. SIP को म्याद थप सम्बन्धमा ।

१३. वडा नं. ३ को खोपकेन्द्र भवन सम्बन्धमा ।

१४. ~~SEE को खर्च रकम भुक्तानी गर्ने सम्बन्धमा~~ भक्तपुर न.पा. मा खेलाडी पठाउने बारे

१५. जनयुद्ध दिवस मनाउने सम्बन्धमा ।

१६. नगर खेलकुद विकास समितिको माग सम्बन्धमा ।

१७. हुहत्तुर चुहत्तुर एकका सम्झौता ~~सम्झौता~~ सम्बन्धमा ।

१८. मोटल चौधरी वडा नं. १० लाई राहत उपलब्ध गराउने सम्बन्धमा ।

१९. छानविन समिति गठन गर्ने सम्बन्धमा । (२०) करार सेवामा प्राविधिक कर्मचारी राख्ने सम्बन्धमा । (२१) नगर खेलकुद विकास समितिको माग सम्बन्धमा ।

छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नपा.को विभिन्न वडा मा बसोबास गर्ने विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागी आर्थिक सहयोगको लागि वडा कार्यालयहरु बाट सिफारिस भई आएको हुँदा तपसिल अनुसारका विपन्न नागरिकहरुलाई यस न.पा.को स्वास्थ्य उपचार राहत वितरण कार्यविधि अनुसार तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. मिश्रा परियार वडा नं. १० (पथरोग) रु.

२. जित बहादुर वि.क. वडा नं. ८ (एपेन्डो अप्रेशन) रु.

३. फुलमाया राई वडा नं. ५ (झगोला) रु.

४. च्यालेन्ज बा० कटवाल वडा नं. ६ (मुत्रनली अप्रेशन) रु.

५. चिरञ्जीवि कार्की वडा नं. ९ (टि.बी.) रु.

६. देवी कुमारी बस्नेत वडा नं. ९ (पार्किनसन्स) रु.

७. भिम कुमार राई वडा नं. ३ (हेड इन्जुरी) रु. ५०,०००।- (भोलाले मानमाया राईको नाममा आउने बनाउने)

८. पुण्यप्रसाद पौडेल वडा नं. १० (क्यान्सर) रु.

९. नरमाया लिम्बिना वडा नं. ७ (मुड रोगी) रु.

१०.

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नपा. क्षेत्रका १० वटै वडामा संचालित सामुदायिक मा.वि. हरुमा अध्ययनरत यस शैक्षिक वर्षमा S.E.E. दिने विद्यार्थीहरुको लागि आ-आफ्नो विद्यालयमा अतिरिक्त कक्षा संचालन गर्ने गरी तपसिल अनुसारको रकम विद्यालय

हरूलाई उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त रकम यस न.पा.को विद्यालय अंग्रेजी पाठ्यपुस्तक /सामाग्री सपोर्ट कार्यक्रम (आवश्यकताको आधारमा) शीर्षक बाट रु.२०,००,०००।- र यस न.पा.को समपूरक कोष बाट रु. ४,०३,३६०।- गरी जम्मा रु.२४,०३,३६०।- एस.ई.ई. परिक्षा सहयोगको लागि उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

एस इ इ परीक्षा सपोर्ट कार्यक्रम २०७६

| क्र.स. | बिद्यालय | खाता नं | बिद्यार्थी संख्या | खाजा दर | दिन | खाजाको जम्मा रकम | स्टेशनरी ( क्या./जो.ब. ) | डेरा भाडा | यातायात | प्राविधिक तर्फको यातायात बाकि ३ दिनको | कोचिंग | खाना र खाजा | सहयोगी | बिद्यालयमा जाने कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सरस्वती मा.बि.सावा | १३७ | १८ | ३० | ३० | १६२०० | ५४०० | १४४०० | ० | | ९००० | ३०७८० | ५००० | ८०७८० |
| २ | जनता मा.बि.लुगिनटार | ५८० | ५१ | ३० | ३० | ४५९०० | १५३०० | ४०८०० | ० | | २५५०० | ८७२१० | ५००० | २१९७१० |
| ३ | मा.बि.सिवाई | १२९ | ५६ | ३० | ३० | ५०४०० | १६८०० | | ४४८०० | | २८००० | | ५००० | १४५००० |
| ४ | शिब मा.बि.शुन्दरपुर | ४३५ | २५ | ३० | ३० | २२५०० | ७५०० | | २०००० | | १२५०० | | ५००० | ६७५०० |
| ५ | सिंहदेवी मा.बि.माडिवास | ६२१ | ३० | ३० | ३० | २७००० | ९००० | | २४००० | | १५००० | | ५००० | ८०००० |
| ६ | कालिका मा.बि.सिर्वानी | ८४३ | ३२ | ३० | ३० | २८८०० | ९६०० | | २५६०० | | १६००० | | ५००० | ८५००० |
| ७ | ज्योति मा.बि.बेल्टार | २००१६ | १२९ | ३० | ३० | ११६१०० | ३८७०० | | १०३२०० | | ६४५०० | | ५००० | ३२७५०० |
| ८ | नारद आ.मा.बि.बसाहा | २००७० | १०७ | ३० | ३० | ९६३०० | ३२१०० | ३८५०० | ८५६०० | १०५०० | ५३५०० | ७९८०० | ५००० | ४०१३०० |
| ९ | जाल्पा जन मा.बि.अजिंगरे | २००७३ | ४२ | ३० | ३० | ३७८०० | १२६०० | | ३३६०० | | २१००० | | ५००० | ११०००० |
| १० | जनता आ.मा.बि.कालिखोला | २८३ | ३० | ३० | ३० | २७००० | ९००० | | २४००० | | १५००० | | ५००० | ८०००० |
| ११ | मा.बि.आमसाल | २०१७६ | ३० | ३० | ३० | २७००० | ९००० | | २४००० | | १५००० | | ५००० | ८०००० |
| १२ | सगरमाथा मा.बि.भोर्लेनी | १०५७ | १७ | ३० | ३० | १५३०० | ५१०० | | १३६०० | | ८५०० | | ५००० | ४७५०० |
| १३ | जनबिकास मा.बि.भिमा | १०७८ | २८ | ३० | ३० | २५२०० | ८४०० | | २२४०० | | १४००० | | ५००० | ७५००० |
| १४ | लौहागढी मा.बि.खैराहा | ४४० | २२ | ३० | ३० | १९८०० | ६६०० | | १७६०० | | ११००० | | ५००० | ६०००० |
| १५ | भगवती मा.बि.मुसहर्निया | ३२७ | २५ | ३० | ३० | २२५०० | ७५०० | | २०००० | | १२५०० | | ५००० | ६७५०० |
| १६ | सिध्देश्वरी मा.बि.मुसहर्निया | ३८८ | ४० | ३० | ३० | ३६००० | १२००० | | ३२००० | | २०००० | | ५००० | १०५००० |
| १७ | जनता मा.बि.हल्लिया | २९३ | ७० | ३० | ३० | ६३००० | २१००० | | ५६००० | | ३५००० | | ५००० | १८०००० |
| १८ | थानपोखरी मा.बि.ज्यामिरे | ९७ | ४४ | ३० | ३० | ३९६०० | १३२०० | | ३५२०० | | २२००० | | ५००० | ११५००० |
| १९ | शारदा मा.बि.कटहरे | ११३ | १७ | ३० | ३० | १५३०० | ५१०० | १३६०० | ० | | ८५०० | २९०७० | ५००० | ७६५७० |
| | जम्मा | | ८१३ | | | ७३१७०० | २४३९०० | १०७३०० | ५८१६०० | १०५०० | ४०६५०० | २२६८६० | ९५००० | २४०३३६० |

नोट: १.डेरा भाडा सावा,लुगिनटार ,नारदको प्राबिधिक र कटहरे मात्र ( प्रति विद्यार्थी रू.१०० ले ८ दिन को तर प्राबिधिकको ११ दिनको )

२.क्यालकुलेटर प्रति बिद्यार्थी रू.२०० र जिओमेट्री बक्स प्रति बिद्यार्थी रू.१०० को दरले

३.कोचिंग खर्च प्रति बिद्यार्थी रू.५०० प्रति महिनाको दरले

४.डेरा गर्ने बिद्यार्थीलाई खाना प्रतिछाक ८० ले २ छाकको १६० र १ खाजाको ३० प्रति बिद्यार्थीको ८ दिनको र प्राबिधिकको हकमा ११ दिनका

५.सहयोगी को प्रति महिना ५००० ले प्रति बिद्यालय

६.खाजा प्रति दिन ३० का दरले प्रति बिद्यार्थीको

उप-सचिव

**नि.नं.३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा.को रोजगार सेवा केन्द्रको माग निवेदन अनुसार उक्त सेवा केन्द्रमा दैनिक कामकाज संचालनको लागी कार्यालय सहयोगी १ जना आवश्यक रहेको र ~~हुँदा~~ यस न.पा.को वडा नं. ८ बस्ने तारा राईले कार्यालय सहयोगीमा कामकाज गर्ने इच्छुक भई निवेदन दिनुभएको हुंदा निज तारा राईलाई यस न.पा.को अन्य का.स. सरह सुविधा उपलब्ध गराउने गरि न.पा.को रोजगार सेवा केन्द्रको लागी कार्यालय सहयोगी करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो ।

**नि.नं.४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा.को लागी कृषि अधिकृत करार सेवामा नियुक्ति गर्ने सम्बन्धमा मिति ०७६।८।१५ गते र मिति २०७६।९।१८ गते पुन: प्रकाशित सूचना अनुसार यस कार्यालयमा पर्न आएका दरखास्तहरु बाट मिति २०७६।१०।१८ गते लिखित तथा अन्तर्वार्ता परिक्षा संचालन भएको र उक्त परिक्षा संचालन तथा छनौट समितिको सिफारिस अनुसार उक्त परिक्षामा सामेल तपसिलका दुवै जना परिक्षार्थीहरु सम्बन्धित विषयमा अत्यन्त अब्बल क्षमताका भएको र यस न.पा.को लागी कृषि क्षेत्रको विज्ञ कर्मचारीको आवश्यकता भएको हुँदा उक्त दुवै परिक्षार्थीहरुलाई मिति २०७६।११।१ गते देखि मिति २०७७ असार मसान्त सम्मको लागि करार गर्ने निर्णय गरियो । साथै कार्य सम्पादनको आधारमा म्याद थप गर्न सकिने निर्णय गरियो ।

**तपसिल**

१. नितु खनाल - गौरादह न.पा.-८, झापा
२. खगेन्द्र कडेल - चामुण्डा-८, दैलेख

**नि.नं.५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम नगर प्रहरी पदपूर्ति समिति तपसिल अनुसार गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. श्री सत्य नारायण हुजदार - अधिकृत स्तर छैठौं - अध्यक्ष
२. श्री सन्तोष राई - योजना प्रमुख - सदस्य
३. श्री जनकलाल लेखी - प्रशासन शाखा प्रमुख - सदस्य

Scanned by CamScanner

४. ईलाका प्रहरी प्रमुख-श्री बुद्धिराम चौलागाईं सदस्य (ई०प्र०का० बेल्टार)

विषयविज्ञहरु
१. श्री राजकुमार ओझा - शिक्षा शाखा चौ.न.पा.
२. श्री तेज बहादुर पोखरेल - स्वास्थ्य शाखा चौ.न.पा.

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा. केही वडा हरुमा डस्टवीन उपलब्ध गराउनु पर्ने भएको हुंदा यस न.पा.को विविध कोष (अन्य कार्यक्रम खर्च) बांशोधित बाट रु. ५००,०००/- विनियोजन गर्ने निर्णय गरियो। उक्त रकम बाट गत आ.व.मा खरिद गरेको डस्टवीनको बील रकम भुक्तानी गरी बाँकी बाट थप डस्टवीन खरिद गर्ने निर्णय गरियो।

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रजातन्त्र दिवस २०७६ मनाउने विविध कार्यक्रमहरुको आयोजना गरी मनाउने निर्णय गरियो र उक्त प्रजातन्त्र दिवस मूल आयोजक समारोह समिति तपसिल अनुसार गठन गर्ने निर्णय गरियो।

तपसिल
१. श्री रामकुमार खड्का - प्रवक्ता - संयोजक
२. श्री तेजराज तिम्सिना (अध्यक्ष-६) - सदस्य
३. श्री विमला राई (न.का.स.) - सदस्य
४. श्री प्रमिला पनुवार (न.का.स.) - सदस्य

तपसिल कार्यक्रमहरु
मिति २०७६/११/०७ गते प्रजातन्त्र दिवसको दिन संचालन गर्ने:-
(क) प्रजातन्त्र दिवस सम्बन्धित औपचारिक कार्यक्रम संचालन।
(ख) नगर गान र नगर खेलकुद गान विमोचन।
(ग) हरेक वडा बाट १/१ वटा नृत्य (स्वदेश गानमा) प्रस्तुत गर्ने।
(घ) विभिन्न झाँकीहरु प्रस्तुत गर्ने।
(ङ) बजार परिक्रमा गर्ने।
नोट:- प्रजातन्त्र दिवस कार्यक्रम खर्च रकम यस न.पा.को चालु तर्फको कार्यक्रम खर्च शीर्षक बाट भुक्तान गर्ने निर्णय गरियो।

Scanned by CamScanner

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को जनता संग उपमेयर कार्यक्रम अन्तर्गत यस न.पा. भरीका गर्भवतीको भिडियो एक्स रे तथा प्रयोगशाला परिक्षण सम्पुर्ण पुर्ण निशुल्क शीर्षकमा विनियोजित रकम बाट तपशिल अनुसारको स्वास्थ्य संस्थाहरूलाई पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो।

तपशिल

१. प्राथमिक स्वास्थ्य केन्द्र बेल्हार रु. ४००,०००।-
२. स्वास्थ्य चौकी हडिया रु. १००,०००।-
३. स्वास्थ्य चौकी सुन्दरपुर रु. १००,०००।-

जम्मा रु. ६००,०००।-

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा.को प्राविधिक कामकाजमा सहयोग तथा गुणस्तरीयताको लागि रोड डिजाइन सफ्टवेयर १ थान जडान गर्ने निर्णय गरियो।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस न.पा.को वडा नं. २ र ४ को सिमाना पर्ने लामाखोलामा होमपाइप जडान गर्न रु. १६,५००।- खर्च लागेको हुंदा उक्त रकम नपा.को विविध शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगर क्षेत्रको सुरक्षा व्यवस्थापन तथा सुरक्षा निकायहरूको संस्थागत व्यवस्थापनको लागि तपसिलका कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो।

१. ईलाका प्रहरी कार्यालय बेल्हार पूर्वी गेट निर्माण।
२. प्रहरी पोष्ट निर्माण विरेन्द्र चौक आसपास वडा नं. ३।

उक्त दुवै कार्यको लागत स्टीमेट गराई लागत स्टीमेट अनुसारको रकम यस नपा.को विशेष कोष (अन्य कार्यक्रम (वर्ग) शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नपा. र कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता (PMISC) बीच साना सिंचाई कार्यक्रम संचालन गर्ने सम्बन्धिको सम्झौताको म्याद सकिएको हुंदा पुन: मिति २०७६।०८।१६ गते देखि लागु हुने गरी मिति २०७६ साल फागुन मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

Scanned by CamScanner

__नि.नं.१३__ प्रस्ताव नं.१३ माथि छलफल गर्दा यस न.पा.को स्वास्थ्य शाखा तथा ३ नं. वडाको सिफारिस अनुसार उक्त वडा नं.३ को हात्तिसार काब्रा चौकमा खोपकेन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

__नि.नं.१४__ प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नपा. भक्तपुर नपा. ~~द्वारा~~ को च.नं. १५३४ मिति २०७६।१०।६ गतेको प्राप्त पत्र अनुसार उक्त नपा. द्वारा मिति २०७६।११।८ गते देखी संचालन हुने एथलेटिक्स प्रतियोगितामा सहभागी हुन यस नपा. बाट खेलाडीहरु पठाउने निर्णय गरियो ।

__नि.नं.१५__ प्रस्ताव नं. १५ माथि छलफल गर्दा मिति २०७६।११।२ गते २५ औं जनयुद्ध दिवसको अवसरमा नपा. कार्यालय तथा १० वटै वडा कार्यालयहरूमा दियो प्रज्वलन गर्ने निर्णय गरियो । साथै महान जनयुद्धको उपलब्धीहरुको संस्थागत विकासको लागि (एकद्वार) लाग्न पर्ने निर्णय गरियो ।

__नि.नं.१६__ प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस न.पा.को नगर खेलकुद विकास समितिको च.नं.११ मिति २०७६।१०।२३ गतेको पत्र साथ प्राप्त निर्णय अनुसार चौदण्डीगढी खेलकुद महोत्सव तपसिल अनुसार संचालन गर्ने निर्णय गरियो । साथै जि.न. पा.मा मिति २०७६।११।२ गते र ३ गते हुने (पालिकास्तरीय) तेक्वान्दो प्रतियोगिता र मिति २०७६।११।११ गते देखी कटारी न.पा.मा संचालन हुने मेयरकप आमन्त्रित तेक्वान्दो प्रतियोगितामा यस न.पा. बाट खेलाडीहरु सहभागिहुन पठाउने निर्णय गरियो । र रु.१००,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो। तपसिल खेलकुद महोत्सव कार्यक्रम :-

१. भलिबल प्रतियोगिता - प्रदेश भित्र (पालिका)
२. ह्याण्डबल (महिला + पुरुष) - प्रदेश भित्र (पालिका)
३. ब्याडमिन्टन - ,, ,,
४. फुटबल (महिला + पुरुष) - ,, ,,
५. तेक्वान्दो डोजाङ - ,, ,,

साथै उक्त महोत्सव संचालनको मिति आवश्यक छलफल गरि तोक्ने निर्णय गरियो ।

Scanned by CamScanner

<u>नि.नं.१७</u> प्रस्ताव नं.१७ माथि छलफल गर्दा यस न.पा.को ठेक्का नं.१०/२०६६/०६७ र ठेक्का नं.१२/२०६६/०६७ को दह्नर बह्नर (नदि जन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन् र संकलन गरी बिक्री गर्ने) सम्बन्धिको ठेक्का सम्झौता गर्ने सम्बन्धमा यस न.पा.को मिति २०६६/१०/१५ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार उक्त ठेक्काको ठेक्कादारले उक्त दुवै ठेक्काको कबोल अंक एकमुष्ठ जम्मा गर्ने भनि निवेदन पेश गरेको हुँदा यस न.पा.को पुर्व निर्णय अनुसार ठेक्का नं.१०/२०६६/०६७ को कबोल अंक रु.२,२८,०७०००१/- र ठेक्का नं.१२/२०६६/०६७ को कबोल अंक रु.१८,२१,०००/- गरी जम्मा रकम रु.२,४६,२८,००१५ एकमुष्ठ जम्मा गर्ने भएको हुंदा उक्त कुल रकमको १०% लाग्ने रकम रु.२४,६२,८००/१० मात्र छुट दिई ठेक्कादार मनन् कन्स्ट्रक्सन प्रा.लि. सुन्दरहरैंचा-११ मोरङ संग सम्झौता गर्ने निर्णय गरियो ।

<u>नि.नं.१८</u> प्रस्ताव नं.१८ माथि छलफल गर्दा यस न.पा.को वडा नं.१० बस्ने भोटेल न्यौपानेको माग निवेदन, प्रहरी मुचुल्का, स्थलगत सर्जमिन लगाएतका कागजात र स्थलगत अनुगमन अनुसार मिति २०६६ असार २५ गतेको अविरल वर्षाको कारण आएको बाढी बाट निजको घर पूर्ण रुपमा बगाएको हुंदा यस न.पा.को विपत राहत कार्यविधि अनुसार निजलाई घर निर्माणको लागि रु.३००,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

<u>नि.नं.१९</u> प्रस्ताव नं.१९ माथि छलफल गर्दा यस न.पा.को १० नं.वडा कार्यालय अन्तर्गत खैरबारी झोडाको शहरी स्वास्थ्य केन्द्रको लागि १ जना अनमि करार सेवामा छनौट भएकोमा उक्त अनमि छनौट प्रक्रियामा अनियमितता भएको भनि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास मलोत्तरीमा उजुरी परेको भनि सम्मानित आयोग बाट प.सं. अनु-१-संघीय ३६५/०७६/०७७ च.नं.१८३० मिति २०७६/२०/१४ गतेको पत्रबाट सो को छानविन गरी सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि सहित कार्यालयको राय प्रतिक्रिया पेश गर्न लेखि आएको हुँदा उक्त परिक्षा सम्बन्धि सम्पूर्ण प्रक्रियाको स्थलगत छानविन गर्न तपसिल अनुसारको छानविन समिति गठन गर्ने निर्णय पारित गरियो ।

Scanned by CamScanner

तपसिल
१. श्री रिता कुमारी चौधरी - नगर उपप्रमुख - संयोजक
२. श्री रवि प्रसाद लुइँटेल - प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३. श्री जनकलाल लोरिव - प्रशासन शाखा प्रमुख - सदस्य
४. श्री सत्यनारायण हुअदार - सामाजिक शाखा प्रमुख - सदस्य

नि.नं.२० प्रस्ताव नं.२० माथि छलफल गर्दा यस नपा.को लागी तपसिल अनुसारका प्राविधिक कर्मचारीहरु आवश्यक भएको हुँदा करार सेवामा उक्त कर्मचारीहरु नियुक्ति गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तपसिल, आवश्यक कर्मचारी
१. सव इन्जिनियर (सहायक स्तर पाँचौ तह) - पद संख्या - २ (दुई)
२. ल्याव असिस्टेन्ट (सहायकस्तर चौथो तह) - पद संख्या - १ (एउ) (स्वास्थ्य चौकी बसाहाको ल्यावको लागि)

नि.नं.२१ प्रस्ताव नं.२१ माथि छलफल गर्दा यस नपा.को नगर खेलकुद विकास समितिको माग निवेदन अनुसार बागलुङ नगरपालिका बागलुङको आयोजनामा मिति २०७६।१०।१६ गते बाट संचालित दोस्रो अन्तर नगरपालिका (राष्ट्रिय स्तर) मेयर कप फुटबल प्रतियोगितामा यस नगरपालिकाको तर्फबाट सहभागि भई उपाविजेता हुन सफल भएकोमा उक्त गेममा सहभागी टिमका खेलाडीहरु लाई प्रोत्साहन भत्ता तथा सम्मानको लागी यस नपा.को खेलकुद सम्वन्धि अन्य कार्यक्रम शीर्षक बाट रु.२००,०००/- खेलकुद विकास समीति लाई पेश्की वापत उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner